नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साईबर ब्युरो
(प्रशासन शाखा)

फोन: ९८५१२८६७७०, ०१-४२११०४४
Ext:

Email: cyberbureau admin@nepalpolice.gov.np

भोटाहिटी, काठमाण्डौ

मिति: २०७७-०३-२९ गते।

# प्रेस विज्ञप्ती

## Porn Website बनाई अश्लिल भिडियो अपलोड गर्ने व्यक्ति पक्राउ।

चितवन जिल्ला बस्ने वर्ष १७ को बालिका कखग (नाम परिवर्तित) को अश्लिल भिडियो Porn Site मा राखी साईबर अपराध गरेको हुँदा व्यक्ति पत्ता लगाई प्रचलित कानून बमोजिम कारवाही गरीपाउँ भनि यस व्यूरोमा प्राप्त सूचना एवं निवेदनको सन्दर्भमा अनुसन्धानको क्रममा जिल्ला काठमाण्डौ, गोंगबु वस्ने वर्ष २३ को सुरज श्रेष्ठले अनधिकृत रुपमा ब्लुसंसार डट कम नामको Porn Website बनाई पिडितको अश्लिल भिडियो अपलोड गरेको खुल्न आएको हुँदा विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को परिच्छेद-९ मा उल्लिखित कसुरमा मिति २०७७/०३/२८ गते गोंगबु, काठमाण्डौबाट नियन्त्रणमा लिई महानगरीय प्रहरी वृत्त दरवारमार्गबाट श्री जिल्ला अदालत, काठमाण्डौमा पेश भई मिति २०७७/०३/२८ गते देखी लागु हुने गरी दिन-७ (सात) म्याद लिई थप अनुसन्धान भै रहेको व्यहोरा अनुरोध गरिएको छ।

**प्रवक्ता एवं सूचना अधिकारी**
सह-निर्देशक
(नविन्द अर्याल)
प्रहरी वरिष्ठ उपरीक्षक

*पुनश्च:-अश्लिल तथा यौनजन्य सामाग्रीहरु कम्प्यूटर, इन्टरनेट लगायतका विद्युतीय वा अन्य माध्यमहरुबाट प्रकाशन, प्रसारण वा प्रदर्शन गर्नु सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धमा हुने, व्यक्तिलाई अपमान तथा हैरानी गर्ने, घृणा वा द्धेष फैलाई समाजमा विकृती विसंगती बढाउने हुँदा कानूनद्वारा दण्डनीय भएकोले कसैले पनि त्यस्तो कार्यहरु नगर्न र नगराउनु हुन अनुरोध गरिएको छ ।*